अनुसुची - १६

(दफा ३३ को उपदफा (२) संग सम्बन्धीत )

## वनपैदावार लिलामबिक्रीको विस्तृत सूचना

# श्री पञ्चकन्या सामुदायिक वन उपभोक्ता समूह रत्ननगर न.पा. ११,चितवन

## काठ/दाउरा बोलपत्रद्धारा लिलामबिक्रीको सूचना

प्रथमपटक सूचना प्रकाशन मिती २०८३/०२/२९

श्री पञ्चकन्या सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादित समुहको मनिखोला घाटगद्धीमा निम्न परिमाणको काठ/दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलामबिक्री गनुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । डिभिजन वनकार्यालयमा सुचिकृत भएको ईच्छुक काठको कारोबार गर्ने व्यक्ति, संघ/संस्था, फर्म वा कम्पनीले यो सूचना चितवन पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र सिलवन्दीको बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

**तपसिल :**

**१. लिलाम हुने वन पैदावारको विवरण :-**

| | वनपैदावारको | | | | | | मूल्याङ्कन (रु.) | |
|---|---|---|---|---|---|---|---|---|
| क.सं. | जात | किसिम | आ.व. | थान | ग्रेड | परिमाण क्यू.फिट | न्यूनतम मूल्य | संकलन खर्च एकमुष्ठ |
| १ | खयर | गोलिया | २०८२/०८३ | २४३ | | ५६२.२२ | ५६२२२०/- | ७८७८०.८/- |

२. बोलपत्र खरिद तथा दाखिला गर्नुपर्ने अन्तिममिति र समय :-

क. खरिद गर्नुपर्ने अन्तिममिति २०८३/०३/१८ गते कार्यालय समयभित्र।

ख. दाखिला गर्नुपर्ने २०८३/०३/१९गते १२:०० बजे सम्म ।

ग. बोलपत्र खोल्ने मिति : २०८३/०३/२० गते दिनको २:०० बजे ।

३. बोलपत्र साथ कबुल गरेको रकमको १०% (दस प्रतिशत) ले हुन आउने रकम बोलपत्र खरिद गरेको सामुदायिक वन उपभोक्ता समुहको नेपाल बैकमा रहेको खाता नं. ०४८००१०१०१३१११०००००१ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनुपर्नेछ ।

४.बोलपत्र फारम प्रति रु १,०००।- पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूह र डिभिजन वनकार्यालयबाट खरिद तथा दाखिला गर्न सकिनेछ ।

५. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र श्री पञ्चकन्या सामुदायिक वन उपभोक्ता समूहको मनिखोला घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ ।

६. लिलाममा भाग लिन ईच्छुक काठको कारोवार गर्ने कम्पनी वा फर्मका प्रोप्राईटरले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, काष्ठ व्यवसायी दर्ता प्रमाणपत्र, स्थायी लेखानम्बर (PAN) दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

७. लिलाम स्वीकृत भएको जानकारी प्राप्तभएको १० (दश) दिनभित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, संकलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधिभित्र उठाई लैजानु पर्नेछ ।

८. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुबैमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा रकम फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

९. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

अध्यक्ष

श्री गोविन्द सिङताङ्ग